बैठक नं.: १०-२०८२/०८३

मितिः२०८३/०१/३१ गते बिहिबार (ने.सं. ११४६ चिल्लागा)

स्थानःदंगीशरण गाउँपालिका,गाउँकार्यपालिकाको कार्यालय कार्यपालिका बैठक हल।

अध्यक्षताः श्री शम्भु गिरी ज्यू (गाउँपालिका अध्यक्ष)

प्रस्ताव तथा निर्णयहरुः-

| प्रस्ताव | निर्णय |
|---|---|
| १. शितभण्डारको रिभ्यू डिपिआर स्वीकृत गर्ने सम्बन्धमा। | निर्णय नं.१ दंगीशरण गाउँपालिका वडा नं. ३ मा निर्माण भएको शितभण्डार विविध कारणले संचालन हुन नसकि अलपत्र अवस्थामा रहेकोले उक्त शितभण्डार लाई संचालनमा ल्याउन निर्माण पुर्व तयार भएको DPR(विस्तृत परियोजना प्रतिवेदन) रिभ्यू गर्नु पर्ने भई रिभ्यूका लागि मिति २०८२/१२/१९ गते प्रस्ताव आव्हानको लागि प्रकाशित सूचना अनुसार आकाश भैरव इन्जिनियरिङ्ग एण्ड आर्किटेक्ट प्रा.लि.छनौट भई मिति २०८३/०१/१४ मा सम्झौता गरी मिति २०८३/०१/२३ मा रिभ्यू डिपिआर प्रतिवेदन प्राप्त भएकाले उक्त रिभ्यू डिपिआर स्वीकृत गर्ने निर्णय गरीयो। |
| २. खर, खप्टा,टायल विस्थापन कार्यक्रम सम्बन्धमा। | निर्णय नं.२ संघीय विशेष अनुदान पुँजीगत तर्फ गाउँपालिकालाई प्राप्त खर, खप्टा,टायल विस्थापन कार्यक्रम कार्यान्वयनका लागि चालु आ.व.२०८२/०८३ मा सबै वडा कार्यालयहरुले वडा समितिको बैठकको निर्णय सहित प्रत्येक वडा बाट १७ जना लाभग्रही छनौट गरी वडाका प्राविधिक मार्फत लगत स्टिमेट समेत तयार गर्न लगाई २०८३ साल जेष्ठ महिनाको ७ गते भित्र गाउँ कार्यपालिकाको कार्यालयमा पठाउने निर्णय गरीयो। |
| ३. आर्थिक सहायता/सहयोग सम्बन्धमा। | निर्णय नं.३ दंगीशरण गाउँपालिका अन्तर्गत विभिन्न वडा कार्यालयहरु बाट सिफारीस साथ आर्थिक सहायता/सहयोग निवेदनहरु प्राप्त भई आएका आर्थिक अवस्था कमजोर भएका तपसिलमा उल्लेख नागरीक/संस्थाहरु लाई देहाय बमोजिम आर्थिक सहायता/सहयोग रकम उपलब्ध गराउने निर्णय गरियो। |

देहायः

| सि.नं. | व्यक्ति/संथाको नाम | ठेगाना | सहायता रकम | कारण | कै. |
|---|---|---|---|---|---|
| १. | धन बहादुर खत्री | दंगीशरण १ | ६०००/- | हावाहुरीका कारण पिपलको रुख ढली गोठमा क्षति भएको | |

कर्ण बहादुर नेपाली
प्रमुख प्रशासकीय अधिकृत

<table>
<tr><td rowspan="3"></td><td>२.</td><td>सुनिता कुमारी चौधरी</td><td>दंगीशरण ४</td><td>१००००/-</td><td>भर्याङ बाट लडेर ढाड भाँचिएको</td><td></td></tr>
<tr><td>३.</td><td>दिव्य ज्योति जाग्रति संस्था</td><td>दंगीशरण शाखा</td><td>५०००/-</td><td>आर्थिक सहयोग</td><td></td></tr>
<tr><td>४.</td><td>खड्ग बहादुर शाही</td><td>दंगीशरण २</td><td>१००००/-</td><td>ब्रेन ट्यूमर भएको</td><td></td></tr>
<tr><td>४. विविध सम्बन्धमा।<br>४(क) प्रतिनिधि तोक्ने सम्बन्धमा।</td><td colspan="6">निर्णय नं.४(क) मोडर्न गोल्डेन स्टार एकेडेमी दंगीशरण गाउँपालिका वडा नं.६ बागर दाङ विपक्षी दंगीशरण गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय हेकुली दाङ समेतको हकमा लिखित जवाफ दर्ता गर्न र तारेखमा रहनका लागि यस गाउँ कार्यपालिको कार्यालयमा कार्यरत प्रशासकीय अधिकृत श्री यादव बहादुर डाँगी लाई प्रति तोक्ने निर्णय गरीयो।</td></tr>
<tr><td>४(ख) बाद्यबादनका सामाग्री उपलब्ध गराउने सम्बन्धमा।</td><td colspan="6">निर्णय नं. ४(ख) दंगीशरण गाउँपालिका वडा नं. १ मा रहेको भजन किर्तन टोलीले धार्मिक तथा सामाजिक कार्यक्रम सञ्चालनका लागि बाद्यबादनका सामाग्री (हार्मोनियम,मादल,तबला,मजुरा,खैचडी,झाकि नाचका सामाग्री) आवश्यक परेकोले सामाग्री उपलब्ध गराईदिनुहुन भनि १ नं. वडा कार्यालय बाट सिफारीस प्राप्त भएकाले उक्त भजन कृर्तन टोलीलाई रु.८०००/-(आठ हजार) बराबरको बाद्यबादनका सामाग्रीहरु गाउँपालिकाले खरिद गरी उपलब्ध गराउने निर्णय गरीयो।</td></tr>
</table>

कर्ण बहादुर नेपाली
प्रमुख प्रशासकीय अधिकृत